# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डुडें, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. २०८०।०८१
च.नं.

**राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति २०८०/१०/१८)**

प्रस्तुत विषयमा राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ बमोजिम चालु आ.व. २०८०/०८१ को लागि स्वीकृत राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको लागि विपन्न एवम् एकल महिला तथा पिछडीएका समुदायमा जिविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रमको लागि दर्ता भएका संस्थाहरुले कृषि तथा पशु पालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी कार्यक्रम सञ्चालन गर्नको लागि सोही मापदण्डको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव तयार पारी निम्न विवरणहरु खुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रित पुर्वक पेश नभएका र समय भित्र पेश हुन नआएका प्रस्तावना उपर कुनै कारवाही हुने छैन ।

**सञ्चालन गर्ने कार्यक्रमः**

| क्र. सं. | कार्यक्रम | लक्षित समुह | लक्ष्य | अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्षित समुहलाई सीप तथा व्यवसायिक तालिम | राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड बमोजिमका महिला | २५ जना | ५ दिन | |
| २ | व्यवसाय संञ्चालन खर्च अनुदान | राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड बमोजिमका महिला | २५ जना | | |

**प्रस्तावनामा संलग्न हुनुपर्ने कागजपत्रहरुः**

क. संस्थाको विधान, परिचय, उद्देश्य कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण।

ख. प्रस्तावित व्यवसायको अवधारणापत्र व्यवसायको क्षेत्र, तालिम, अवधि स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण ।

ग. प्रचलित कानुन वमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

घ. अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रतिलिपी ।

ङ. अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन ।

च. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश अन्य निकाय बाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण।

छ. कालो सूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको र कुनै बेरुजु नरहेको स्वघोषणा।

ज. प्रस्तावना दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा शसक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहित प्रस्तावना पेश गर्नु पर्नेछ ।

झ. प्रस्ताव "जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ र प्रचलित कानून अनुसार हुनुपर्नेछ ।

ञ. यस सम्बन्धी थप जानकारी लिनुपरेमा लिखु गाउँपालिकाको महिला वालवालिका तथा जेष्ठ नागरीक उप-शाखामा सम्पर्क गर्न सकिने छ ।

२०।१८

शेर सिंह रावत
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत